कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड१, संख्या: मिति: २०७८/०३/१४

भाग-१

# मर्मत सम्भार संचालन ऐन, २०७८

कलैया उपमहानगरपालिका
कलैया,वारा
प्रदेश नं.२
नेपाल

*नगरसभामा प्रस्तुत मिति: २०७८/०३/१०* *नगरसभाबाट स्वीकृत मिति: २०७८/०३/११* *प्रमाणीकरण मिति: २०७८/०३/१४*

CamScanner

# मर्मत सम्भार सञ्चालन ऐन, २०७८

प्रस्तावना : यस कलैया उपमहानगनगरपालिकाले आफ्नो क्षेत्रभित्र सडक, पुल, पुलेसा, ढल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधारहरु नियमित रुपमा निर्माण गरिरहेका हुन्छन् । यस्ता पूर्वाधारका आयोजनाहरुलाइ दीगो रुपमा सञ्चालनमा ल्याउनका लागि त्यस्ता आयोजनाहरुको नियमित रुपमा मर्मत सम्भार गर्नु अपरिहार्य हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ट को बुँदा (१) देखि (५) मा पनि उपमहानगरपालिकाले स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसो, सिंचाई र तटबन्ध तथा यातायात सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति, अनुगमन तथा नियमन र यससँग सम्बन्धित अन्य कार्यहरु गर्नुपर्ने भनि उल्लेख गरिएको छ । उपमहानगरपालिका अन्तर्गतका सडक, पुल पुलेसा, ढल, सिंचाई, खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरु, आकस्मीकरुपमा मर्मत संभार गर्नु पर्दा आवश्यकता अनुसार मर्मत गरी दीर्घकालसम्म सञ्चालनमा ल्याउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) मा उल्लेख भए बमोजिमको अधिकार प्रयोग गरी कलैया उपमहानगरपालिकाको मर्मत सम्भार सञ्चालन ऐन, २०७८ तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस ऐनको नाम "कलैया उपमहानगरपालिकाको मर्मत सम्भार सञ्चालन ऐन, २०७८" रहेको छ ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले कलैया उपमहानगरपालकासँग मर्मत सम्भार कोष शीर्षकमा रहेको रकमलाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले कलैया उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले कलैया नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि बमोजिम गठन गरिएको समिति सम्झनुपर्दछ ।

(छ) "प्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख वा उपमहानगरपालिका प्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ज) "उपप्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको उपप्रमुख पदमा निर्वाचित बहालवाला नगरपालिकाका उपप्रमुख वा नगरपालिको उपप्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

CamScanner

(भ) "कर्मचारी" भन्नाले कलैया उपमहानगरपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतकोरुपमा कामकाज गर्न तोकिएका अधिकारीलाई सम्झनु पर्दछ ।

(ट) "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकार वा प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ठ) "संयोजक" भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि बमोजिम गठन गरिएको समितिका संयोजकलाई सम्झनु पर्दछ ।

(ड) "सदस्य सचिव" भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि बमोजिम गठन गरिएको समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ढ) "गैर सरकारी संस्था" भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ण) "पूर्वाधार" भन्नाले सडक, हल, सडक पेटी, पुल, पुलेसा, नहर, कुलो, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय, सांस्कृतिक सम्पदाहरु आदिलाई सम्झनु पर्दछ ।

(त) "मर्मत सम्भार" भन्नाले पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य भन्ने सम्झनु पर्दछ ।

(थ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेबाट शुरुभइ आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(द) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३. **ऐनको उद्देश्य** : यस कार्यविधिको प्रमुख उद्देश्य कलैया उपमहानगरपालिका भित्र रहेका सडक, बाटो, नहर, कुलो, पुल पुलेसा, हल, खानेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ । साथै नियमित रुपमा मर्मत गरिनु पर्ने पूर्वाधारहरुको पहिचान गर्ने, सो अनुसार योजना तर्जुमा गर्ने, नियमित रुपमा गरिने खर्चको नियन्त्रण गर्ने, लागत अनुमानमा एकरुपता कायम गर्ने र नगरपालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई नगरपालिकाको काम कारबाहीमा एकरुपता कायम गर्नु नै यसको मूल उद्देश्यका अलावा अन्य उद्देश्यहरु तल उल्लेख गरिए अनुसार छन ।

(क) सडक, खानेपानी, हल लगायतका अन्य पूर्वाधारहरुको मर्मत सम्भारका लागि प्राप्त हुने श्रोत र साधनहरुको व्यवस्थित रुपले सञ्चालन गर्ने ।

(ख) उपभोक्ता समिति, सरकारी तथा गैर सरकारी निकायहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व वृद्धि गर्ने ।

(ग) स्थानीय श्रोत र साधनहरुको व्यवस्थित रुपमा परिचालन गर्दै कार्यान्वयनमा दिगोपना ल्याउने।

(घ) स्थानीय उपभोक्ताहरुलाई सम्पन्न तथा निर्माणाधिन योजना तथा आयोजनाहरुमा हाम्रो, हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने ।

(ङ) वार्षिक रुपमा मर्मत सम्भार गर्नु पर्ने सडक लगायतका अन्य पूर्वाधारहरुको विवरण तयार पारी मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार पार्ने ।

(च) वर्तमानमा सानो लगानी वा थोरै मेहनतबाट भविष्यमा हुने ठूलो क्षति हुनबाट योजना तथा आयोजनाहरुलाई समयमै जोगाउने ।

(छ) पुराना योजनाहरुलाई बीचमै रोकेर नयाँ योजना माग गर्ने प्रक्रियालाई निरुत्साहित गर्ने ।

(ज) स्थानीय उपभोक्तामा स-साना मर्मत सभार तथा आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास गराउने ।

(झ) स-साना आयोजना तथा योजनाका लागि पनि दाता खोज्ने प्रवृतिलाई निरुत्साहित गर्दै जाने ।

(ञ) नगरपालिका क्षेत्रभित्र सेवाग्राहीहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

४. **ऐनको प्रयोगकर्ता** : यस कार्यविधिको प्रयोग देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्नेछन्।

(क) कलैया नगर कार्यपालिकाको कार्यालय, वडासमिति, नगरपालिका क्षेत्र भित्रका निर्माण व्यवसायी, कर्मचारीहरु ।

(ख) नगरपालिका क्षेत्र भित्रका टोल विकास संस्था, टोल सुधार समिति, सामुदायिक संस्था, उपभोक्ता समिति तथा यस कार्यमा परिचालन हुने व्यक्ति तथा समुदायहरु ।

(ग) नगरपालिका क्षेत्र भित्र काम गर्ने राजनैतिक संयन्त्र, अनुसन्धानकर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायलेपनि यसको प्रयोग गर्न सक्नेछन् ।

५. **ऐनको कार्य क्षेत्र र सीमा** : कलैया नगर कार्यपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि यो कार्यविधि बनाएको हुँदा यसको कार्य सीमा यस नगरपालिकाको क्षेत्रमा मात्र रहने छ । साथै यो कार्यविधिलाई यस नगरपालिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायले समेत मार्गदर्शनको रुपमा लिन सक्नेछन् ।

६. **आवश्यकता** : स्थानीय तहमा बढ्दै गएको कार्यक्षेत्रको विस्तारका साथै सम्पन्न भए गरेका विकास निर्माण कार्यहरुको दिगोपना कायम गरी नगरवासीहरुमा भरपर्दो सेवा प्रवाह प्रदान गर्न, नगरपालिका, नेपाल सरकार लगायत अन्य निकायहरुबाट भएको लगानीको प्रतिफल हासिल गर्न, विकास खर्चमा मितव्ययितता कायम गर्न, पूर्वाधारहरुको दीर्घकालीन् प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनाबद्ध, नियमित एवम् प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक

CS CamScanner

भएको छ । यसका साथै देहायका कारणहरुबाट पनि यसको आवश्यकता तथा महत्व बुझ्न सकिन्छ जसलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

(क) सडक, खानेपानी, सिंचाई लगायत अन्य पूर्वाधारहरुको सेवालाई सुचारु राख्न,

(ख) निर्माण गरिएको पूर्वाधारहरुको दिगोपना कायम गर्न,

(ग) सम्भावित दुर्घटनालाई घटाउन,

(घ) जटिल किसिमका क्षतिहरुबाट बचाउन,

(ङ) नगरपालिकाका बासीन्दाहरुको आधारभूत हक अधिकारको संरक्षण गर्न,

(च) नगरपालिका तथा अन्य निकायबाट भएको लगानीको संरक्षण गर्न,

(छ) अन्तर स्थानीय तहहरुसँग समन्वय कायम राख्न,

(ज) सबै नागरिकहरुको नगरपालिकाको सेवामा पहुँच वृद्धि गर्न,

(झ) वातावरणीय समस्याहरुबाट जोगाई राख्न,

(ञ) सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न ।

७. **कानूनी आधार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ट) को बुँदा (१) देखि (५) मा स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाई र तटबन्ध तथा यातायात सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति, अनुगमन तथा नियमन सम्बन्धी कार्यहरु गर्नुपर्ने भनि उल्लेख छ । त्यस्तै किसिमले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा (२) मा नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाइ सेवा शुल्क लगाउन सक्नेछ भनि उल्लेख छ । यसरी सेवाग्राहीबाट प्राप्त रकम पूर्वाधारहरुको दीर्घकालीन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनावद्ध, नियमित, प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक देखिन्छ । त्यस्तै किसिमले सोहि ऐनको दफा १०२ को उपदफा (१) र (२) मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने र ऐनको अधीनमा रही आवश्यकता अनुसार नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ भनि उल्लेख भए अनुसार यो कार्यविधि तयार गरिएको छ ।

८. **गैरसरकारी/स्थानीय संस्थालाई प्रोत्साहित गरिने** : नगरपालिका क्षेत्रभित्र विकास सम्बन्धी कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख, मूल्याङ्कन तथा मर्मत सम्भार गर्ने कार्यका लागि गैर सरकारी/स्थानीय संघ संस्थालाई पनि प्रोत्साहित गरिने छ । गैर सरकारी/स्थानीय संघ संस्थाहरुले आफ्नै र नगरपालिकाबाट प्राप्त श्रोतबाट कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् । यसरी आयोजना सञ्चालन गर्ने गैर सरकारी/स्थानीय संघ संस्थाहरुले आयोजना तथा कार्यक्रमहरुको पूर्ण विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ । नगरपालिकाले पनि मर्मत सम्भार लगायतका कार्यहरुमा सम्बन्धित क्षेत्रका गैर सरकारी/स्थानीय संघ संस्था मार्फत योजना तथा कार्यक्रमहरु कार्यान्वयन र सञ्चालन गर्न सक्नेछ ।

CamScanner

## परिच्छेद : २
## मर्मत सम्भार सम्बन्धी नीति तथा कार्यनीतिहरु

९. नीति : कलैया उपमहानगरपालिकाले नगरपालिका क्षेत्र भित्र नगरपालिका आफैले र सरकारी तथा गैर सरकारी निकायहरुबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरु लगायत सार्वजनिक सेवा सम्बन्धी काम कारवाही सञ्चालन गर्दा सकेसम्म नगरपालिका क्षेत्रका सबै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल, पुलेसा, कुलो तथा नहर लगायतका संरचनाहरुको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार कार्य गर्न अनुकूल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ ।

१०.कार्यनीति : यस कार्यविधिको नीति कार्यान्वयन गर्नका लागि कलैया उपमहा नगरपालिका बाट देहाय अनुसारका कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

(क) मर्मत सम्भार कार्य भरसक श्रम प्रदान वा कामदारहरु सोझै परिचालन गरी वा उपभोक्ता समितिको माध्यमबाट वा ठेक्कापट्टाबाट गराउने ।

(ख) मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व हुने गरी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट संचालन गर्ने ।

(ग) सम्भव भएसम्म स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

(घ) प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि सम्भव भएसम्म आवश्यक सूची तयार गरी सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुको उच्च ध्यान दिंदै सार्वजनिक यातायातलाई सुचारु गर्नु पर्ने जस्ता कुराहरुमा जोड दिई यस किसिमको कार्यलाई सहज र सरल बनाउने ।

(ङ) सडक, पुल पुलेसा, कुलो तथा नहर लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समितिलाई नगरपालिकाले मर्मत सम्भार कार्य सहितको जिम्मेवारी दिंदै योजना हस्तान्तरण गर्ने ।

(च) नगरपालिका क्षेत्र भित्र निर्माण कार्य सम्पन्न भएका र निर्माणाधीन अवस्थाका पूर्वाधारहरुको उचित मर्मत सम्भार सहित दिगो उपयोगिताको लागि नगरपालिकाको आफ्नै श्रोत, नेपाल सरकारको अनुदान अन्तर्गत पूर्वाधार क्षेत्रका लागि बार्षिक रुपमा बिनियोजित रकमको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि मर्मत संभार कोषमा जम्मा गर्दै उपयोग गर्ने ।

(छ) मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै जाने ।

(ज) मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि कार्यान्वयनका लागि नगरपालिका, नगरबासी तथा उपभोक्ता समितिहरुले समय समयमा बैठक बसी देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

CamScanner

११. योजनाको तर्जुमा तथा कार्यान्वयन :

नगरपालिकाले सहभागितात्मक प्रक्रियाबाट मर्मत सम्भार योजनाहरु तर्जुमा गर्नेछ । यसको प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) समितिको गठन तथा कोषको व्यवस्थापन,
(ख) भौतिक अवस्थाको विवरण संकलन, प्राप्त विवरणको लेखाजोखा तथा छलफल,
(ग) प्रारम्भिक लागत अनुमान र प्राथमिकीकरण,
(घ) विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी,
(ङ) समितिबाट योजना सहितको कार्यक्रमको तयारी,
(च) योजना शाखाबाट निरीक्षण र उपभोक्ता समितिहरुको गठन,
(छ) नगरपालिकाको विकास कार्यक्रममा समावेश,
(ज) कार्यान्वयन व्यवस्थापन तथा सार्वजनिक परीक्षण,
(झ) अनुगमन तथा मूल्याङ्कन
(ञ) कार्य सम्पन्न प्रतिवेदन,
(ट) समीक्षा ।

## परिच्छेद-३
## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

१२. कोषको स्थापना :

(क) नगरपालिकामा मर्मत सम्भार सम्बन्धी कार्यको लागि छुट्टै शिर्षक (कोष) रहनेछ । उक्त शिर्षकमा देहाय अनुसारका रकमहरु रहनेछन:

(१) नगरसभाबाट मर्मत सम्भारका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,
(२) योजनाहरुबाट मर्मत सम्भारका लागि भनी कट्टा गरेको रकम
(३) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,
(४) नगर सभाको स्वीकृतिमा प्राप्त अन्य रकम,
(५) नेपाल सरकार, प्रदेश सरकारबाट मर्मत सम्भारको लागि विनियोजित रकम,
(६) नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीबाट प्राप्त सेवा शुल्क,
(७) सडक बोर्डबाट मर्मत सभारको लागी प्राप्त रकम ।
(७) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

CamScanner

(ख) नगरपालिकाबाट सञ्चालन हुने भौतिक निर्माण सँग सम्बन्धित कार्यक्रमहरुको लागि विनियोजित रकमको आधारमा मर्मत संम्भारको लागि विनियोजित रकम बाणिज्य बैंकमा छुट्टै मर्मत कोष खाता खोलिने छ ।

१३. **कोषको प्रयोग** : यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

(क) नियमित मर्मत सम्भारको कार्य गर्न गराउन ।

(ख) सार्वजनिक बाटो, पूल, पुलेसा, ढल, सिंचाइ, खानेपानी जस्ता भौतिक पूर्वाधार प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व बोध बारे जनचेतना अभिवृद्धि गर्न गराउन ।

(ग) मर्मत सम्भार सम्बन्धी काम गर्ने संस्थाहरु बीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरीवेक्षण र अनुगमन गर्न ।

(घ) सामाजिक सचेतना तथा सहभागितामूलक कार्यक्रम सञ्चालन गर्न ।

(ङ) नियमित रुपमा मर्मत सम्भार गरिने सडकहरुमा सडक हेरालु (Lenth Worker) हरुको पारिश्रमीक भुक्तानी गर्न ।

(च) आकस्मिक रुपमा हुने सडक, खानेपानी योजना, सिंचाई योजना आदिमा हुने क्षति अथवा अवरोधलाई सम्बोधन गर्न ।

१४. **नपुग रकमको व्यवस्था** : रकम अभाव भई सञ्चालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि नगर कार्यपालिकामा आवश्यक व्यवस्थाका लागि प्राविधिक प्रतिवेदन सहित सिफारिस गर्नु पर्नेछ ।

१५. **विवरण तयार पार्ने** : प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै कोष सञ्चालन समितिबाट कार्यक्रम तयार पारी योजना शाखा मार्फत सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

१६. **अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने** : आगामी आर्थिक वर्षमा मर्मत सम्भारका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन नगर सभामा वजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

१७. **श्रेस्ता राख्ने** :

(क) कोषको आय र व्ययको श्रेस्ता प्रचलित नियम बमोजिम राख्नु पर्नेछ ।

(ख) समितिले प्रशासनिक खर्च नगरसभावाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

(ग) सभावाट उपलब्ध गराउने वजेटको रकम तोकिएको क्षेत्र बाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

१८. **बैठक भत्ता** : मर्मत सम्भार विशेष कोषबाट पदाधिकारीहरुले बैठकमा भाग लिए बापत नगरसभावाट तोकिए बमोजिमको मात्र बैठक भत्ता पाउने छन् ।

१९. खाता सञ्चालन : कोषको आर्थिक कारोबारको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ।

२०. लेखा परीक्षण : मर्मत सम्भार कोषबाट भएको आय व्ययको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षक कार्यालयबाट गराउनु पर्नेछ।

## परिच्छेद-४

## कार्यान्वयन व्यवस्थापन, समितिको गठन र अन्य व्यवस्था

२१. कार्यान्वयन व्यवस्थापन :

(क) सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार कार्य उपभोक्ता समिति वा सोझै कामदार मार्फत वा ठेक्का मार्फत गराउने व्यवस्था गरिनेछ। कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे अनुसार हुनेछ। तर यस किसिमको कार्य गर्नका लागि कार्यपालिकाको पूर्व स्वीकृति भने लिनु पर्नेछ।

(ख) उपभोक्ता समिति मार्फत मर्मत सम्भारको कार्य गराउँदा उपभोक्ता सँग लागत सहभागिताको विधि र प्रक्रियालाई समेत जोड दिइनेछ।

(ग) मर्मत सम्भार कार्यको लागि पेश्की नदिई कार्य प्रगतिको आधारमा मूल्याङ्कन गरी नगरपालिकाले भुक्तानी दिनेछ।

(घ) मर्मत सम्भार कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्ने तथा कोष व्यवस्थापन गर्नको लागि देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहने गरी एक समितिको गठन गरिनेछ।

(१) उपमहानगरपालिका प्रमुख - संयोजक
(२) उपमहाननगरपालिका उपप्रमुख - सदस्य
(३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(४) १ महिला सहित २ जना नगर कार्यपालिकाका सदस्यहरु - सदस्य
(५) प्रमुख प्राविधिक शाखा- सदस्य
(६) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य
(७) प्रमुख, योजना शाखा - सदस्य सचिव

(ङ) यस ऐन बमोजिम गठित समितिको नियमित बैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

(च) आमन्त्रित पदाधिकारीले पनि बैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ।

CamScanner

२२. **समितिको बैठक :**

(क) सामान्यतया समितिको बैठक चौमासिक रुपमा र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ ।

(ग) सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(घ) कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) आकस्मिक रुपमा बैठक बस्नुपर्ने अवस्था भएमा संयोजकले जुनसुकै बेलापनि बैठक बोलाइ कम्तिमा एक जना सदस्य र सदस्य सचिव सहितको उपस्थितिमा आवश्यक निर्णय लिन सक्नेछ तर यस किसिमको बैठकबाट भएको निर्णयहरुलाई पछिल्लो बैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

(च) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

२३. **बैठकको निर्णय** : बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गर्नु पर्दछ । सर्वसम्मत निर्णय हुन नसकेमा कुल सदस्य संख्याको बहुमतको निर्णयलाई समितिको निर्णयको रुपमा मान्नुपर्नेछ । मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

२४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आगामी आर्थिक बर्षमा नगरपालिका क्षेत्रभित्र मर्मत गरिनु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण संकलन गरी नगरसभामा पेश गर्ने ।

(ख) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ग) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(घ) कोषको आय-व्यय सम्बन्धी हिसाबको लेखा परीक्षण गराई सोको लेखा परीक्षण प्रतिवेदन नगरपालिका मार्फत नगरसभामा पेश गर्ने ।

(ङ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरु लगायत खर्चको व्यवस्था कार्यालयबाटै मिलाउने ।

(च) प्रत्येक चौमासिकमा कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने/गराउने।

(छ) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

CS CamScanner

(ज) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग नगरपालिकाको सहमतिमा कार्यक्रमहरु संचालन गराउने तर्फ आवश्यक पहल गर्ने ।

(झ) रु. १०,००,०००।०० सम्मको तत्काल मर्मत संभार गर्नु परेमा सम्बन्धित वडाको सिफारीस बमोजिम समिति संयोजक वा उपमहानगरपालिका प्रमुखज्यूको तोक आदेश बमोजिम मर्मत कार्य गर्ने र पछिल्लो बैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

२५. **समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार** : समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संयोजकको काम, कर्तव्य र अधिकार :

(१) समितिको बैठकको अध्यक्षता गर्ने ।

(२) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

(३) कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व वहन गर्ने ।

(४) समितिबाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी नगरसभामा पेश गर्ने व्यवस्था मिलाउने ।

(५) कार्यक्रमहरुको विवरण समयमानै संकलन गरीराख्ने व्यवस्था मिलाउने ।

(ख) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार :

(१) कोषको कार्यालय सञ्चालन गर्ने ।

(२) बैठकको निर्णय अभिलेख गरी राख्ने ।

(३) बैठकको निर्णय कार्यान्वयन गर्ने ।

(४) समितिको निर्णय अनुसार कार्य सञ्चालन गर्ने, गराउने।

(ग) सदस्यको काम, कर्तव्य र अधिकार :

(१) समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

(२) निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(३) कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

(४) समितिको निर्णय अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने।

## परिच्छेद-५
## मर्मत सम्भार सम्बन्धी व्यवस्था

२६. **मर्मत सम्भारका प्रकार** : मर्मत सम्भारका प्रकार निम्नानुसार हुनेछन :

(क) नियमित मर्मत सम्भार,

(ख) पटके मर्मत सम्भार,

(ग) आवधिक मर्मत सम्भार,

(घ) आकस्मिक मर्मत सम्भार,

(ङ) रोकथाम मूलक मर्मत सम्भार,

(च) विशेष मर्मत सम्भार ।

२७. **प्राथमिकताक्रम** : मर्मत सम्भार कार्यको प्राथमिकता तोक्ने काम समितिले प्राप्त तथ्याङ्क र वस्तुस्थितिका आधारमा गर्ने भएता पनि साधारणतया उपलब्ध साधन र श्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्य सञ्चालन गरिने छ ।

(क) आकस्मिक मर्मत सम्भार,

(ख) नियमित मर्मत सम्भार,

(ग) पटके मर्मत सम्भार,

(घ) आवधिक मर्मत सम्भार,

(ङ) रोकथाम मूलक मर्मत सम्भार ।

२८. **सडक मर्मत सम्भार उपभोक्ता समितिको कोष तथा व्यवस्थापन** :

(क) नगरपालिकाले सडक मर्मत सम्भार समितिको पहलमा स्थानीय सडक मर्मत सम्भार उपभोक्ता समितिबाट परिचालन हुने गरी मर्मत सम्भार विशेष कोष स्थापना गर्न सक्नेछ । यस कोषमा नगरपालिका तथा स्थानीय तह हेर्ने मन्त्रालयबाट सम्वन्धित सडक मर्मत् सम्भारका लागि प्राप्त रकमहरु रहने छन् । यस अतिरिक्त स्थानीय सडक मर्मत सम्भार उपभोक्ता समितिले स्वीकृत विधान बमोजिम थप श्रोतहरु समेत जुटाई रकम संचय गर्न र कोषको परिचालन समेत गर्न सक्नेछ ।

२९. **वार्षिक मर्मत सम्भार योजना** : नगरपालिकाले निम्न विवरण सहितको निर्धारित ढाँचामा वार्षिक मर्मत सम्भार योजना तयार गरी नगरसभाबाट स्वीकृत गराउनु पर्नेछ ।

(क) मर्मत सम्भार कार्य आवश्यक भएका सडकहरु, खानेपानी योजना, सिंचाई योजनाहरुको विवरण,

(ख) मर्मत सम्भार कार्यको प्रकार,

(ग) मर्मत सम्भार कार्यको प्राथमिकता,

(घ) मर्मत सम्भार कार्यको डिजाइन तथा लागत अनुमान,

(ङ) उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक स्रोतको जानकारी,

(च) कार्यान्वयन प्रक्रियाको किसिम,

(छ) प्राथमिकीकरण अनुमानित तालिका,

(ज) मर्मत सम्भार कार्य योजना ।

३०. **विभिन्न निकायहरुको भूमिका** : नगरपालिका स्तरीय मर्मत सम्भारको समुचित कार्यान्वयनका लागि नगरपालिकामा नगरपालिकाका अतिरिक्त निम्न निकायहरुको पनि महत्वपूर्ण भूमिका रहनेछ ।

(क) नगरपालिकासँग सिमाना जोडिएका अन्य गाउँ तथा नगरपालिकाहरु,

CamScanner

(ख) सडक मर्मत सम्भार समिति,
(ग) उपभोक्ता समिति,
(घ) सडक मर्मत सम्भार उपभोक्ता समिति ।

## परिच्छेद-६
## विविध

**३१.अनुगमन तथा मूल्याङ्कन :** नगरपालिकाको मर्मत सम्भार कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन व्यवस्था देहाय अनुसार गरिनेछ :

(क) नगर कार्यपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्दा नियम २१ को खण्ड (घ) बमोजिम गठित समितिसँग समन्वय गरी गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन भइ कार्यान्वयन भएकोमा प्राविधिक मूल्याङ्कनका आधारमा वा कार्य प्रगतिको आधारमा भुक्तानी दिन सकिनेछ ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्याङ्कनका आधारमा दिइनेछ ।

(घ) अनुगमन तथा मूल्याङ्कनका आधारमा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गरिनेछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था नगर कार्यपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समितिहरुबाट हुने मर्मत सम्बन्धी कार्यको अनुगमन गर्दा बिल भरपाई लगायतका विवरण, काममा संलग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्नेछ ।

**३२. विवरण सार्वजनिक गर्नुपर्ने :** मर्मत सम्भार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराइएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

**३३. पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने :** राम्रो काम गर्ने उपभोक्ता समितिहरुलाई नगरपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

**३४. जाँचपास र फरफारक :** यस कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरु सम्पन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफारक गराउनु पर्नेछ ।

**३५. प्रतिवेदन :** समितिबाट भए गरेका कार्यहरुको प्रगति प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**३६. संशोधन तथा बचाऊ :**

(१) यस ऐनमा उल्लिखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधि भित्र रही नगर कार्यपालिकाले गर्न सक्नेछ ।

CamScanner

(२) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै ऐन अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) ऐनमा लेखिएका कुराहरु नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ र तत्सम्बन्धी नियमावली तथा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले
गोपाल प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत